वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काप फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा,पोखरा-११
फोन:०६१-५२०४५२, ४८५६७२५४७२,४८५३७५४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

○वर्ष ८ ○अंक १८९ ○श्रेणी 'क' ○२०७३ वैशाख ६ गते सोमवार ○18 April 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यातायात व्यवसायीबीच झडप

७ जना घाइते, उज्यालो र नारायणीको बोर्डमा कालोमोसो

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

पोखरामा नयाँ र पुरानो यातायात व्यवसायीको द्वन्द्व पुन सुरु भएको छ। बेंहि समयअघि स्थानीय रुटमा सञ्चालन हुने विन्ध्यवासिनी बसको विवाद समाधान भएपनि पुनः अर्को नयाँ समितिको नाममा विवाद सुरु भएको छ । भ्रापामा प्रधान कार्यालय रहेको उज्यालो यातायातले पोखराबाट देशका विभिन्न स्थानमा बस सञ्चालन गर्ने गरी शाखा विस्तार गरेपछि विवाद उत्पन्न भएको हो। नयाँ समितिको बस पोखरा भित्रिएपछि पुराना व्यवसायीको अवरोध गर्न खोज्दा विहान झडप भयो । उज्यालो यातायात कार्यालय जिरो किलोमिटर अगाडि भएको झडपमा दुवै तर्फका गरी सात जना घाइते भएका छन् ।

दुवै तर्फको झुन्ड हानाहानमा पृथ्वी राजमार्ग बस सञ्चालक समितिका पाँच र उज्यालो यातायातका दुई जना घाइते भएका हुन् । घाईते हुनेहरुमा पृथ्वी राजमार्ग बस सञ्चालक समितिका श्यामलाल श्रेष्ठ, रुद्र बहादुर थापा मगर, प्रकाश सिग्देल, पशुपति पौडेल र भलक कुँवर छन् । त्यस्तै उज्यालो यातायातको तर्फबाट नबिन लामा र विष्णु नेपाली घाइते भएका छन् । नयाँ समितिले पुराना व्यवसायीले बस तोडफोड गर्न आएकाले झडप भएको आरोप लगाएको छ। तर पृथ्वी राजमार्ग बस सञ्चालक समितिका अध्यक्ष



ऐन कुमार साईले नयाँ समितिका मानिसहरुले आफ्नो समितिका साथीहरुलाई हुइ प्रहार गरी घाइते बनाएको दावी गरेका छन् । हुइ प्रहार गर्ने तीन जनालाई नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ ।

पोखराबाट काठमाडौं, विराटनगर, सुनौली, धनगढी, काकरभिट्टा, नेपालगञ्ज , धरान र मुस्ताङ रुटमा सञ्चालन गर्ने गरी तत्काल १२ वटा सुविधायुक्त बस तयारी अवस्थामा रहेको उज्यालो यातायात समितिका सचिव केबल राम राईले जानकारी दिए । उनका अनुसार समितिमा ५४ वटा गाडी छन् । पूर्वको झापादेखि केन्द्र बनाएर सञ्चालन गरिएको यातायात समिति अन्तर्गतका बस मोरङ, इलाम, पाँचथर, फिदिम, ताप्लेजुङ, धनगढी र काठमाडौं रुटमा सञ्चालन भैरहेको छ ।

बैशाख ९ गतेदेखि पोखरा काकरभिट्ट रुटमा बस सञ्चालन सुरु गर्नेगरी पोखरामा शाखा कार्यालय विस्तार गरिएको पोखरा स्थित शाखाका अध्यक्ष नल बहादुर गुरुङले जानकारी दिए । नयाँ समितिले प्रचलित भाडादरमा पाँच प्रतिशत छुट दिने जनाएको छ ।

नयाँ समितिले यातायात व्यवसायीको बीचमा आपसी विवाद र झडप हुनेगरी कुनैपनि कार्य नगर्ने र नयाँ समितिको कारण पुरानो समितिका मजदुर विस्थापित हुन परे त्यसको जिम्मेवारी आफुहरुले लिने प्रतिवद्धता जनाएको छ । फेवातालमा सरक्षणका लागि प्रति टिकट एक रुपैयाँ पोखरा उप-महानगरपालिकालाई उपलब्ध गराउने नयाँ समितिले जनाएको छ । काकरभिट्टादेखि पोखरा हुदैं वाल्लुङ सम्म रु ट अनुमति प्राप्त गरेपनि गाडी सञ्चालन गर्न नपाएको राईले गुनासो गरे । समितिको यो १ ख २०९८ र मे १ ख २०९९ नम्बरको दुई वटा बसले गत फागुन ३० गते रुट अनुमति पाएको थियो । तर जिल्ला प्रशासन कार्यालय कास्कीमा फागुन ६ गते बसेको सर्वदलीय बैठकले तत्काल नयाँ गाडी सञ्चालन नगर्ने निर्णय गरेपछि परेको रिट्मा सर्वोच्चले चैत्र २३ गते बैठकको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

यसैबीच बस सञ्चालनको विषयमा विवाद भएपछि पृथ्वी राजमार्ग बस सञ्चालक समिति अन्तर्गतका व्यवसायीले उज्यालो यातायात र नारायणी यातायातको बोर्डमा कालो मोसो दलेका छन् । पृथ्वीचोक स्थित बस्पार्क नजिकै रहेको काउण्टरको बोर्डमा उनीहरुले कालो दलेका हुन् । उज्यालो यातायात समितिका मानिसहरुसँग विहान झडप भएपछि उनीहरुले दिउसो काउण्टरमा बोर्ड कालो दलेर मेटाइदिएका छन् ।

नारायणी यातायातसँग सहमति भैसकेको भएपनि उज्यालोको बोर्ड मेटाउन एएका आक्रोसित व्यवसायीले नारायणीको बोर्ड समेत मेटाउने प्रयास गरेका हुन् । पृथ्वी राजमार्ग बस सञ्चालक समितिका अध्यक्ष ऐन कुमार साईलै नारायणी यातायातसँग सहमति भैसकेको र कुनै विवाद नरहेपनि आकोसले व्यवसायीले बोर्ड मेटाएको बताए । उनले उज्यालो यातायात पृथ्वी राजमार्गसँग सहकार्य गरी सञ्चालन हुन सक्ने समेत बताए ।

विमानस्थलले प्यारागलाइडिङ संकटमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

पर्यटकीय नगरी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने निश्चित भएसँगै पर्यटनका अन्य आयामहरुबारे बहस प्रारम्भ भएको छ । समयमै निर्माण सम्पन्न भएमा अबको चार वर्षभित्र पोखरामा ठूला जहाजहरु आउन थाल्नेछन् । र, ती विमानबाट आउने पर्यटकको घुईचो पोखरेली पर्यटनले थेग्नुपर्ने हुन्छ । विमानस्थल शिलान्यास भएसँगै पोखरामा सञ्चालित हवाइ खेलकूदको भविष्यबारे चिन्ता सुरु भएको छ ।

अहिले पोखराको प्रमुख पर्यटकीय आकर्षणका रुपमा प्यारासुटिङ र अल्ट्रालाइट सञ्चालनमा छन् । तर, विमानस्थल बनेपछि दुवै गतिविधि विस्थापित हुने भएको छ । अहिले व्यावसायीहरु ले सराङकोट र तीरीपानीबाट फेवातालको किनारमा प्यारासुटिङ उडान गर्दै आएका छन् । यी क्षेत्र अन्तर्राष्ट्रिय विमानस्थलको 'एप्रोच ट्रयासमा' पर्ने हुँदा प्यारासुटिङ हटाउनुपर्ने नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले बताए ।

'अन्तर्राष्ट्रिय उडानका लागि अहिले प्यारासुटिङ उडाउने ठाउँ पुरै खाली गर्नुपर्छ, त्यतिमात्र होइन,' महानिर्देशक गौतमले भने, 'अहिलेको डोमेष्टिक विमानस्थल पनि एप्रोचभित्र पर्ने हुंदा पूर्णरुपमा बन्द गर्नुपर्छ र यसले अल्ट्रा फ्लाइटसमेत विस्थापित हुने देखिन्छ ।' अन्तर्राष्ट्रिय उडानको चाप नभएमा नयाँ विमानस्थलबाट अल्ट्रालाइट भने उडाउन सकिने सम्भवना रहेको गौतम बताउँछन् । तर, अन्तर्राष्ट्रिय उडानको चाप भएमा अल्ट्रालाइट पूरै बन्द गर्नुपर्ने बाध्यता छ ।

तर, प्यारासुटिङ भने ईञ्जनविनाको हुनाले तत्काली अन्तराष्ट्रिय विमानस्थलका लागि बढी जोखिमपूर्ण हुन्छ, जसले गर्दा विमानस्थल बनेपछि प्यारासुटिङ पूरै बन्द हुन्छ । सराङकोट क्षेत्र विमानस्थलको एप्रोच ट्रयासभित्र पर्ने हुंदा प्यारासुटिङ बन्द गर्नैपर्ने गौतमको भनाइ छ ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को नियम अनुसार अन्तर्राष्ट्रिय विमानस्थलको क्षेत्रभित्र कुनै पनि हवाइ गतिविधि सञ्चालन गर्न पाइदैन ।

उपाधि दावेदार श्रीस्टार पराजित

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

विभुवन आर्मी क्लब पोखरामा जारी पाँचौं पोखरा कपको सेमिफाइनल प्रवेश गरेकाे छ । पोखरा रंगशालामा सोमवार सम्पन्न खेलमा उपाधि दावेदार श्रीस्टार क्लबलाई १०-० ले हराउँदै आर्मी अन्तिम चारमा पुगेको हो । आर्मीको जितमा विमल रानाको एक मात्र गोलनै निर्णायक बन्यो । खेलको ६१ औं मिनेटमा सन्तोष तामाडको फ्रि-किक बललाई रानाले हेडमार्फत गोलमा परिणत गरेका थिए । ८१औं मिनेटमा श्रीस्टारका पिटरको पावर किक आर्मीका गोलरक्षक विकेश कोइले असफल पारिदिएका थिए ।

आर्मीले थ्रिस्टारलाई पोखराको मैदानमा हराएको यो तेस्रो पटक हो । पोखरा कपमा पहिलो सस्करणको उपविजेता आर्मीले अब फाईनल प्रवेशका लागि धरान फुटबल क्लब र दिल्ली फुटबल क्लब भारतबीच मंगलवार हुने खेलको विजेतासँग वैशाख ९ गते प्रतिस्पर्धा गर्नेछ । यसअघिको खेलमा जित हात पार्दै एपिएफ क्लब र मनाङ-मस्र्याङदी क्लब सेमिफाईनल प्रवेश गरिसकेका छन् । सोमवारको खेल पश्चात सञ्चारकर्मीलाई प्रतिक्रिया गर्दै विभुवन आर्मीका प्रशिक्षक मेघराज केसीले पहिलो हाफमा खेल राम्रो खेल्न नसकेको बताए । दोश्रो हाफमा खेलको रणनीति परिवर्तन गर्दै मैदानमा उत्रेको खेताडीले तोश्री हाफमा भने राम्रो खेल प्रस्तुत गरेको केसीले बताए ।

आर्मीको तर्फबाट टेक्निकल कमाेजरी र धरै बुटिपूर्ण खेल भएको पासरुु मिस भएका कारण खेल राम्रो हन नसकेको केसीको भनाइ रहेको थियो । त्यस्तै श्रीस्टारका प्रशिक्षक राजेन्द्र तामाडले आर्मीको खेल काउण्टर एट्याक गर्ने रणनीतिमा खेलेकै कारण सोमवारको खेलमा हार व्यहोर्नुपरेको बताए । श्रीस्टारबाट आजको खेल राम्रो प्रस्तुत भएको भएतापनि खेलमा हार भएको तामाडले बताए ।

सिद्धबाबाको नागरिक अभिनन्दन गरियो

पोखरा ६ वैशाख ।(गोल्डेन)

पोखरामा नौ दिने समासद्य सफलतापूर्वक गुरु सिद्धबाबा कृष्णदास महाराजको पोखरामा आज झण्डै दुई दर्जन संघ-संस्थाहरुले अभिनन्दन गरेका छन् । जसमा विध्यवासिनी धार्मिक क्षेत्र विकास समिति, नरनारायण बाबा आश्रम, नारायण स्थान धार्मिक विकास समिति लगायतका रहेका छन् । गुरु सिद्धबाबालाई क्षेत्रीय प्रशासक शंखर कोइराला, प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनाली, समाजसेवी एवम् विध्यवासिनी धार्मिक क्षेत्र विकास समिति अध्यक्ष गणेशराज श्रेष्ठ लगायतले अभिनन्दन गरेका थिए । कार्यक्रममा पचनासिंड होमका तर्फबाट डा. नारायण गौतम, कालु शर्माले अभिनन्दन गरेका थिए भने डा.बुद्धि बहादुर थापाले चिकित्सा विज्ञान र समाधिको बारेमा बोलेका थिए त्यसैगरी क्षेत्रीय प्रशासक शंखर कोइराला, गोविन्द बाबु तिवारी, गणेश बहादुर श्रेष्ठ, तीर्थ श्रेष्ठ, कांग्रेस नेता शुकराज शर्मा लगायतले समाधीका बारेमा बोलेका थिए ।

पोखराको संविधानमा मधेशीको अधिकार

नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

- ❖सामाजिक न्याय सुनिश्चित गर्न राज्यको राजनीतिक उद्देश्य हुने ।
- ❖आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- ❖सामाज कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- ❖सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको अथवा सानो लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- ❖नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आमनो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्न हक हुने ।
- ❖नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आमनो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संरक्षणमें हक हुने ।
- ❖सामाजिक रुपले पछाडि परेका मधेशी समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यका विकासमासहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- ❖समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- ❖मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- ❖हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- ❖उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- ❖सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- ❖समानुपातिक निर्वाचन प्रणाली अमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- ❖संघीयतिक विकासको रुपमा नेपालमा एक मधेशी आयोग रहने ।
- ❖नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- ❖नेपाली राजदूत र विशेष प्रतिनिधिसमाेक्षी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

नेविसंघले स्थापना दिवस, कास्कीमा छुट्टा-छुट्टै कार्यक्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

नेपाल विद्यार्थी संघले स्थापनाको ४७औं वर्षगाँठ देशभर मनाइएको छ । वार्षिकोत्सवमा दिन कास्की नेविसंघ पनि विभाजित भएर छुट्टा-छुट्टै कार्यक्रम गरि स्थापना दिवस मनाएका छन् । नेविसंघ कास्कीमा लामो समयदेखिको विवाद अझै मिल्न सकेको छैन। सुवास कोइराला संयोजक रहेको नेविसंघ कास्कीले कांग्रेस पार्टी कार्यालय परिसरमा संगठनले नयाँ वर्षको शुभकामना आदानप्रदान गर्नुका साथै क्यालेन्डर विमोचन समेत गऱ्यो । सोहि अवसरमा नेविसंघ कास्कीमा देखिएको विवाद चाँडो भन्दा चाँडो सल्टाउनुपर्ने आवाज समेत उठेको थियो । कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि तथा पूर्व महासमिति सदस्य कृष्ण काकीले नेविसंघलाई बलियो बनाउन सकेमात्रै कास्कीमा कांग्रेस बलियो हुने तर्क पेश गरे । 'केहि नेताहरुले आफ्नो स्वार्थको लागि नेविसंघलाई प्रयोग गरेका छन् तर अब यस्तो हुनु हुदैन ।' काकीले भने । त्यस्तै अर्का महाधिवेशन प्रतिनिधि राजबहादुर गुरुङले नयाँ वर्षको शुभकामना दिँदै यो नयाँ वर्षमा कास्की नेविसंघभीचको असमझदारी हटाउनुपर्ने बताए । उनले विद्यार्थीहरुलाई फुटेर नभई जुटेर अगाडि बढ्न आग्रह गरे ।

नेपाली कांग्रेस कास्कीका जिल्ला सदस्य भोजबहादुर गुरुङले पनि कास्कीमा टुक्रिएको नेविसंघलाई एक ठाउँमा ल्याउन जस्तोसुकै चुनौती मोल्न आफु तयार भएको बताए । कास्की कांग्रेस सदस्य उमेश परजुलीले पनि आपसमा मिलेर काम गर्न नेविसंघलाई सुझाए । कार्यक्रममा नेविसंघ कास्कीका सल्लाहकार तथा निवर्तमान सभापति कल्याणबाबु भण्डारी, नेविसंघ पृथ्वीनारायण क्याम्पस ईकाई सभापति गोपाल गुरुङ, नेविसंघ बनविज्ञान अध्ययन संस्थानका ईकाई सभापति अशोक साह, नेविसंघ क्षेत्र नम्बर २ सभापति गोविन्द नेपाली लगायतले शुभकामना मन्तव्य राखेका थिए । सोंहि अवसरमा नयाँ वर्षको क्यालेन्डर समेत विमोचन गरिएको थियो । कार्यक्रमलाई नेविसंघ कास्कीका सचिव विकमआदित्य सिंह गिरीले संचालन गरेका थिए ।

यसैबीच मदन पौडेल अध्यक्ष रहेको कास्की नेविसंघले पनि संघको ४६औं स्थापना दिवस मनाएको छ । पौडेल अध्यक्ष रहेको नेविसंघ कास्कीले पोखरा बुद्धाश्रमा रहेका वृद्ध-वृद्धाहरुलाई फलफूल वितरण गरी आफ्नो स्थापना दिवस मनाएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका महासचिव तथा पूर्वसचिव विरेन्द्रनारायण विजुक्छेले ज्येष्ठ नागरिकहरुको सवालमा पोखरा वृद्धाश्रमले महत्वपूर्ण भूमिका निभाएको उल्लेख गरे त्यस्तै पोखरा वृद्धाश्रमका अध्यक्ष वसन्तकेशव परजुलीले आफ्ना घरमा रहेका बाबा आमा एवं ज्येष्ठ नागरिकको उचित लालन पालन र संरक्षण गर्न आग्रह गरे । एक दिन वृद्धाश्रममा फलफूल या अन्य सामन बाँडेर मात्र ज्येष्ठ नागरिकप्रतिको सम्मान पुरा हुदैन, घरमा रहेका आफन्तहरुलाई राम्रो हेरचिचार गर्नुहोस, अध्यक्ष परजुलीको भनाई थियो ।

नेविसंघ कास्कीका अध्यक्ष मदनराज पौडेलको अध्यक्षता र सचिव विश्वराज पौडेलको संचालनमा भएको कार्यक्रममा नेपाली कांग्रेस कास्कीका नेता तथा नेविसंघका विभिन्न तहका नेताहरुको सहभागिता रहेको थियो । कार्यक्रमा नेपाली कांग्रेस कास्कीका नेता दुर्गाप्रसाद तिमिल्सिना, नेता नमता वराल, नेपाली कांग्रेस पोखरा १७ ईकाई सभापति देवराज आचार्य लगायतका नेताहरुले सम्बोधन गरेका थिए ।

पारसको शतकमा नेपाल विजयी,नामिबिया ३ विकेटले पराजित

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

नामिबियालाई ३ विकेटले पराजित गर्दै नेपालले विश्व क्रिकेट लिग च्याम्पियनसीपमा दोस्रो जित हात पारेको छ । नेपालको जितमा कप्तान पारस खड्कालेे कप्तानी पारी खेल्दै शतक पुरा गरे । कीर्तिपुर मैदानमा भएको खेलमा नेपालले नामिबियाविरुद्ध दोस्रो जित आत्मसाथ गरेको हो । यसअघि शनिवार सम्पन्न खेलमा पनि नेपालले ५ विकेटको जीत हात पारेको थियो । कप्तान पारस खड्काको कप्तानी पारीको सहयोगमा नामिबियाले दिएको २४० रनको लक्ष्य नेपालले अन्तिम बलमा बाँकी छँदा ७ विकेट गुमाएर पुरा गर्‍यो । पारसले ९४ बलमा ५ चौका र ७ छक्काको सहयोगमा १०२ रनको शतकीय पारी खेले । त्यस्तै तेस्रो नम्बरमा आएका ब्याट्समयान शरद भेषावकरले पनि ७४ रनको अविजित योगदान गरे । उनले १०७ बलमा ६ चौका प्रहार गरे । उनले लगातार दोस्रो पटक म्याच विजिङ पारी खेले । यसअघि शनिवार भएको खेलमा पनि उनले विजयी रन प्रहार गरेका थिए ।

सुरुवाती ब्याट्समयानहरु ज्ञानेन्द्र मल्ल २२ र नरेश बुढायर ६ पेबिलियन फर्किएपछि आएका शरद र पारसले तेस्रो विकेटका लागि १६७ रनको महत्वपूर्ण साझेदारी गरेपछि नेपालको जीतको ठोस आधार तय भएको थियो । नेपालका लागि राजेश पुलामीले ९ रनमात्र जोडन सके भने विनोद भण्डारीले ९२ र रनको बनाए । बसन्त २ रनमा अविजित रहे। यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नामिबियाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २३९ रनको योगफल तयार गरेको थियो । नामिबियाका लागि ओपनर कप्तान स्टेफेल बार्डले ५१ र जेन ग्रिनले ४७ रन बनाएका थिए । त्यस्तै सरेल बर्रेले पनि ४३ रनको अविजित पारी खेलेका थिए ।

बलिइतर्फ नेपालका स्पिनरहरु शक्ति गौचन, बसन्त रेग्मी र सन्दीप लामिछानेले २/२ विकेट लिए । नामिबियाका तीन ब्याटसम्यान रनआउट भएका थिए । विश्व क्रिकेट लिगमा नेपालले दुई खेल जीतेर ४ अंक जोडेको छ । यसअघिका दुई चरणमा नेपालले क्रमसः स्कटल्याण्ड र पपुवा न्युगिनीसंग पराजित भएको थियो । नेपालले यसअघिका चारै खेलमा पराजय व्यहोरेको थियो ।

यसैबीच नेपाल विश्व क्रिकेट लिग च्याम्पियनसीपको अंकतालिका मा पाँचौं स्थानमा उक्लिएको छ । प्रतियोगिताको तेस्रो चरणमा नामिबियालाई दुवै खेलमा हराएपछि अंकतालिकाको अन्तिममा रहेको नेपाल चार अंकसहित पाचौं स्थानमा उक्लिएको हो । नेपालले यसअघि पहिलो र दोस्रो चरणमा स्कटल्याण्ड र पपुवान्युगिनीसंग लगातार चार खेलमा पराजित भएको थियो । घरेलु मैदानको फाइदा उठाउदै नेपालले नामिबियालाई शनिवार ५ विकेट र सोमवार ३ विकेटले हराएर विश्व क्रिकेट लिग च्याम्पियनसीपको शीर्ष ४ भित्र रहने संभावना जीवितै राखेको छ । नेपालले चौथो चरण अन्तर्गत आगामी अगस्टमा नेदरल्याण्ड्स भ्रमण गर्नेछ । सन् २०१५ देखि २०१७ सम्म चल्ने प्रतियोगितामा नेपाल लगायत ८ एशोसियट मुलुकका टोलीबीच होम एण्ड अवेको अवधारणामा प्रत्येकले १४ खेल खेल्नेछन् । त्यसमध्येका शीर्ष चार टोलीले सन् २०१९मा इन्ग्याण्डमा हुने एकदिवसीय विश्वकप्मा छलींद चरणमा स्थान बनाउनेछन् ।

प्रतियोगितामा ६ खेलबाट १० अंकसहित तेस्रोस्थानमा रहेको श्रीलंका पनि स्थानमा छ । त्यस्तै समान खेलबाट दोस्रो स्थानमा रहेको हङकङको ९, तेस्रो स्थानमा रहेको स्कटल्याण्डको ७ र चौथो स्थानमा रहेको केन्याको ६ अंक छ । नेपालसँगै ४ अंक जोडेको पपुवान्युगिनी नेट रनरेटको आधारमा पछि परी छैटौं स्थानमा छ । यद्यपी पपुवान्युगिनीले दुई खेल कम खेलेको छ । नामिबिया सातौं र यूएई प्रतियोगिताको आठौं स्थानमा छन् ।

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

यात्रामा सावधानी आवश्यक

नयाँ वर्ष २०७३ को पूर्वसन्ध्यामा सडक दुर्घटनाले नेपाली मनहरुलाई नराम्रोसँग दुखाएको छ। २०७२ सालको अन्तिम दिन अर्थात् चैत २० गते खोटाडको दिक्तेलबाट काठमाडौं आउन लागेको यात्रुवाहक बस दुर्घटनामा २४ जनाको घटनास्थलमै मृत्यु भयो। सांघुरो सडकमा राखिएको ट्रक छलेर डिलवाट पार गर्नेक्रममा भएको दुर्घटनामा बस परेको थियो। दुर्घटनामा ३१ जना घाइते हुन पुगेका थिए। सो दुर्घटनाले खोटाड जिल्ला शोकमा डुबेको छ। २०७२ साललाई विदाइ गर्न लाग्दा भएको कहालीलाग्दो दुर्घटनाले सबैलाई झस्काएको छ। सोही दिन सँकि डोटीमा जिप दुर्घटना हुँदा आठ जनाको मृत्यु भयो। यस्तै, नवलपरासीमा भएको दुर्घटनामा एक जनाको मृत्यु भएको खबर सञ्चारमाध्यममा आए। सडक दुर्घटनामा परेर जीवन गुमाउनेका परिवार तथा दुर्घटनामा अङ्गभङ्ग भई उपचार गराइरहेका घाइतेहरुको अवस्था हेर्ने हो भने पहाडी सडक ज्यानमारा बन्दै गइरहेको अनुभूति जो कसैले पनि गर्न सक्छ। उपरोक्त दुई प्रतिनिधि घटनाले नेपालको पहाडी सडकको त्रासदीपूर्ण चित्रण गरेको छ। सडक नहँदा यातायातको सुविधाबाट वञ्चित हुनुपरे पनि धेरैको ज्यान जोगिएको थियो। त्यतिमात्रै होइनस धूलो, धूवाँ र कोलाहलबाट पनि मानिसहरु मुक्त थिए। पछिल्लो समय पहाड खनेर गाउँगाउँमा सडक पुऱ्याउने होडबाजी नै चल्यो। पहिलो पटक गाउँमा गाडी पुग्दा फूलमालाले स्वागत गरिएका थिए। गाउँगाउँमा सडक विस्तार भएपछि दुर्गम क्षेत्र पनि देशभर परिचित बने। विकास भनेकै पहाडका गाउँ-गाउँसम्म सडक विस्तार गर्नु हो भन्ने बुझियो। हरियाली डाँडा खोसेर सडक निर्माण भएसँगै दुर्घटना पनि बढ्दै गए। सडक बनाउने तर विस्तार र सुधारतर्फ ध्यान नदिने कारण नेपालका प्रायः सडक ज्यानमारा साबित हुँदै गएका छन्। मुख्य राजमार्ग नै मर्मत-सम्भार हुन नसकिरहेको अवस्थामा पहाडी सडकको स्थिति नाजुक हुनु अस्वाभाविक होइन। सरकारले गाउँगाउँमा गाडी पुऱ्याउने काम त गऱ्यो, तर यात्रुको सुरक्षित यात्राका बारेमा ध्यान दिन सकेन। सांघुरो सडकमा जोखिमपूर्ण तरिकाबाट गाडी कुदिरहेका छन्। कहाँ, कुन वेला, कस्तो दुर्घटना पर्ने हो भन्ने त्रासबीच गाडी सञ्चालन भइरहेको छ। नेपालमा सडकको स्तर र क्षमताभन्दा धेरै गुना सवारी साधनहरु गुडिरहेका छन्। सिटको क्षमताअनुसार गाडी चलाउनुपर्छ भन्ने ज्ञान सबैलाई छ। तर, बसको छतमा समेत यात्रु राख्ने गरिएको छ। ४२ जनाको क्षमता भएको बसमा एक सय जनासम्म कोच्ने प्रवृत्ति यातायात क्षेत्रमा छ। पहाडी क्षेत्रमा सीमित मात्रामा गाडी चल्ने गरेका कारण यात्रुहरुको भीड स्वाभाविक रुपमै बढ्ने गर्दछ। चालक तथा व्यवसायीले धेरै कमाउन खोज्दा धेरैको जीवन नै समाप्त हुने गरेको छ। दुर्घटनालाई कसैले रोकेर रोक्न सकिँदैन, तर धेरै हदसम्म नियन्त्रण गर्नचाहिँ सकिन्छ। यसका लागि ज्यानमारा सडकहरुको अविलम्ब स्तरोन्नति गरिनुपर्छ। जनताको जीवनसँग जोडिने भएकाले पहाडी सडकलाई मर्मत-सम्भार गरी जोखिममुक्त बनाउनु आवश्यक छ। गाउँगाउँमा सडक पुऱ्याउनु ठूलो कुरा होइन। तर, निर्माण गरिएका सडकको वेलावेलामा मर्मत तथा सुधार हुन सकेमात्रै सम्भावित दुर्घटनावाट जोगिन सकिन्छ। पहाडी सडकमा प्रायः धोत्रा बस चल्छन्। यस्ता सवारीसाधनका कारण पनि दुर्घटना बढ्ने गरेको पाइएको छ। खोटाड र डोटीमा भएको भयो दुर्घटनावाट पाठ सिकेर सबैले सावधानी अपनाउनु जरुरी छ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल वैशाख ७ गते मंगलबार, तदनुसार अप्रिल १८ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार चैत्रशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज चैत्रशुक्लपक्षको त्रयोदशी अहोरात्र रहनेछ। आज सूर्य मेष राशिमा,चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३२ घटि १३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ३७ मिनेटमा जयदेव मूर्हूतमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३० मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पुरानो कार्यवाट आम्दानीमा एकासि वृद्धि, सहयोगी हातहत बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

वृष : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाइले गर्दा आफैलाई घाटा हुनेछ।

मिथुन : स्वास्थ्य भरपदी हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला।

कर्कट : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रवाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।

सिंह : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

कन्या : मित्रहरुवाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिवढ्ने, एकमुष्ठ रकम सकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुनेछ।

तुला : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशावाट घाटा हुन सक्ने, सामाजिक कार्यलेले गर्दा दिनभर चिन्ता पर्नेछ।

वृश्चिक : शत्रुवाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडालाई ठूलै रुप लिनेछ, आफन्तवाट विशेष कार्यमा धोका हुने।

धनु : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुँदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराव रहनेछ।

मकर : एकासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

कुम्भ : आफ्नै पेशावाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराव छ सतर्क रहनुहोला।

मीन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७६९१

जनसेवा उमावि पर्वतलाई खानेपानी योजना

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख।

विद्यालयमा ३५ लाख रुपैयाँको खानेपानी आयोजना सम्पन्न हुँदा केही हप्तादेखि विद्यालयमा पानीको छेलोखेलो छ। एक वर्षको अवधिमा उक्त परियोजना सम्पन्न भएको हो। रोटरी क्लब अफ पोखरा फिस्टेलको पहलमा रोटरी क्लब अफ ग्राभाडेल अप्टुलियाको सहयोगमा पर्वतको दक्षिणी गाविस हुवासमा रहेको श्री जनसेवा उच्च माविको विद्यालयमा खानेपानी आयोजना सम्पन्न भएको हो।

चार किलो मिटरको दुरीवाट ल्याइएको पानी जम्मा गर्ने २० हजार लिटरको पानी ट्याङ्की विद्यालयमा निर्माण गरी विद्यालयमा नै वटा धारा जडान गरिएको छ। विद्यालयमा अहिले २४ वै घण्टा पानी आउछ। सम्पन्न खानेपानी परियोजनाको आइतवार रोटरी क्लब अफ गोभाडेल अप्टुलियाका पावेल र रोटरी क्लव अफ पोखरा फिस्टेलका अध्यक्ष तेज गुरुङले संयुक्त रुपमा उद्घाटन गर्दै विद्यालयलाई हस्तान्तरण गरेका हुन्।

विद्यालयमा माबि तर्फ ६ सय ५० र उच्च माविमा दुई सय ५० विद्यार्थी अध्ययनरत छन्। दक्षिण पर्वतकै सबैभन्दा बढी विद्यार्थी अध्ययन गर्ने सामुदायिक विद्यालय जनसेवा संस्कृत उच्च मावि हो, विद्यालयका प्राचार्य शोभाकान्त रिजालको दावि छ। उक्त विद्यालयमा हवास, चिर्वेगी, सरङ्गेधोरा गाविसका विद्यार्थी पढ्न जाने गर्छन्।

तिखो मेटाउने त कहै भाग घाटी भिजाउनेसम्म पानी विद्यालय सहयोगीले दिन्थ्य, गर्मीमा मुख धुने र शौचालयमा प्रयोग गर्ने पानी ५८ वर्षदेखि थिएन्, दिसा गर्न झाँडी तर्फ जानु पथ्यो, डायरिया हुँदा स्कूलको पढाई नै छाडेर घरमा बस्नु पर्ने थियो।

पन्ध्र मिनेटको पैदलवाट खोलाको पानी बोकी ल्याएर इई-चार ग्रागी पानीले एक हजार नौ सय विद्यार्थीको घाटीसम्म भिजाउने पानी विद्यालय प्रशासनले दिन्थ्यो विद्यार्थी सविन भूर्तेलले भने। खानेपानीसँगै क्लवले विद्यालयमा पक्की शौचालय समेत निर्माण गरिदिएको छ। पानीले प्रशस्त हुँदा विद्यार्थीको सरसफाइमा समेत सुधार आएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेश वस्यालले खानेपानी आयोजनाले विद्यालयको ५८ वर्षदेखिको सपना पुरा गरेको बताए। आफू पनि यही विद्यालयकी विद्यार्थी भएकाले विद्यालयमा कहिल्यै पानी पिउन नपाएकाे र पानी पिउन खोलामा धाउनु पर्ने बाध्यता त्यतिबेला थियो उनले भने।

पोविविमा दीक्षान्त समारोह हुँदै

पोखरा ६ वैशाख।

पोखरा विश्वविद्यालयको १३ औं दीक्षान्त समारोह वैशाख ८ गते सम्पन्न हुँदै छ। दीक्षान्त समारोहलाई सम्मानीय प्रधानमन्त्री एवम् पोखरा विश्वविद्यालयका कुलपति के.पी. शर्मा ओलीले अध्यक्षता गर्नुहुने छ। राष्ट्रकवि माधवप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा हुन गइरहेको कार्यक्रममा शिक्षामन्त्री एवम् विश्वविद्यालयका सह-कुलपति गिरिराजमणि पोखरेलको समेत उपस्थिति रहने छ। दीक्षान्त समारोहलाई विश्वविद्यालयका उपकुलपति तथा प्रधानमन्त्री केपी ओली, शिक्षामन्त्री पोखरेल लगायतले सम्बोधन गर्ने कार्यक्रम छ। दीक्षान्त समारोहमा २०७२ चैत्र मसान्तसम्म ट्रान्सक्रिप्ट लिएका स्नातक तहअन्तर्गत व्यवस्थापन विषयका २,९८७ जना, इञ्जिनियरिङ्ग विषयका ७९१ जना, स्वास्थ्य विज्ञान विषयका ३९५ जना, मानविकी विषयका २३ जना तथा स्नातकोत्तरतहअन्तर्गतका विषयका ६३७ जना र एम्.फिल विषयका २० जना गरी कुल ४,४९३ जना विद्यार्थी दीक्षित हुँदैछन्।

दीक्षित हुने विद्यार्थीहरूलाई विशिष्ट महान्.भावहरू, अभिभावकहरू लगायतको रोहवरमा सपथ दिलाउँदै प्रमाणपत्र एवम् पदकहरू वितरण गरिने छ।

हिमालय प्राविको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख।

हसपुर-८ लिप्पानीमा रहेको हिमालय निमाविले आफ्नो ५५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सोमवार एक समारोहको आयोजना गरी मनाएको छ। विद्यालयले गएको शैक्षिक सत्रमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कार वितरण समेत गऱ्यो।

कार्यक्रममा रामकोट स्रोत केन्द्रका संयोजक एवं रामकोट उच्च माविका प्रधानाध्यापक भरतमणि भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा बोर्न्डे भट्टराईले गुणस्तरीय शिक्षामा जोड दिए। अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य कृष्णराज दाहालले सामुदायिक विद्यालयको स्तरोन्नतीमा सरकारको विशेष ध्यान जानुपर्ने बताए। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक लेनिन घिमिरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। उनले विद्यालयमा कम्प्युटर शिक्षा समावेश गरी अंग्रेजी माध्यम सञ्चालन गर्ने योजना सुनाए। समारोहमा विद्यालयका पूर्व प्रअ विष्णुप्रसाद सुवेदी, अभिभावक प्रतिनिधि चित्रबहादुर गुरुङ, विद्यार्थी पवकार रोशन गुरुङ, छिमेकी विद्यालयका प्रतिनिधि दयाराम सुवेदी, लोकेकुमारी वरालले बोलेका थिए। कार्यक्रममा विद्यार्थीहरुले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यबहादुर रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन शिक्षक कृष्णराज पौडेल र स्वागत नगेन्द्रराज गौतमले गरेका थिए।

पश्चिमाञ्चल क्षेत्रीय कराँतेमा कास्कीको अग्रता

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख।

कास्कीको लेखनाथमा २ रिङ्ेपानीमा भएको पश्चिमाञ्चल क्षेत्रीय पुरुष तथा महिला फुलकट्याक्ट करेति प्रतियोगिता सोमवार सम्पन्न भएको छ। वैशाख ५ र ६ गते भएको सो करेति प्रतियोगितामा पुरुष ३० केजीमा पहिलो स्वरुप रावत (कास्की), दोस्रो एलेक्स गुरुङ, (कास्की), त्यसै गरी पुरुष ४५ केजी तर्फ विकम क्षेत्री (कास्की) पहिलो, मान्दिप नेपाली (कास्की) दास्रो भएका छन्। ३५ केजी पुरुष तर्फ इन्द्र बहादुर थापा (कास्की) पहिलो र सगट सेन (कास्की) दोस्रो भए। ५० केजी पुरुष तर्फ विनोद नेगी (कास्की) पहिलो र अर्जुन वराम दोस्रो भएका छन्। महिला ४५ केजी मुनी तर्फ अन्जना ढुङ्गेल (कास्की) पहिलो भइन् भने एलीसा वरल (कास्की) दोस्रो भइन्। ३५ केजी मुनी महिला तर्फ एवी क्षेत्री (कास्की) पहिलो भइन् भने संविता कुमाल (कास्की) दोस्रो भइन्। ४० केजी पुरुष तर्फ सुशान्त गुरुङ (कास्की), पहिलो र सुमन वराम (पर्वत) दोस्रो। भएका छन्। खेलमा खुल्ला पुरुषमा शानिन्द (कास्की) प्रथम र अशोक मोक्तान (गोर्खा) दास्रो भएका छन्। खुल्ला महिला तर्फ मधु अधिकारी (कास्की) पहिलो र खीममाया पुन (म्याग्दी) दोस्रो भइन्।

क्षेत्रीय करेति प्रतियोगितात्मक खेलमा कास्की, बागमती, गोरखा, वागलुङ लगायत १२ जिल्लाका खेलाडी हरुको सहभागीता रहेको थियो। सोमवार सम्पन्न भएको खेलमा विजयी भएका खेलाडी हरु लाई कार्यक्रमका प्रमुख अतिथि सभासद यज्ञ बहादुर थापाले मेडल तथा प्रमाण पत्र वितरण गर्दै खेल स्वास्थ, मनोरञ्जन तथा राष्ट्रका लागि पनि खेलिने हुँदा खेल खेलकुदको विकासको लागि राज्यले खेलाडीहरुलाई सक्दो सहयोग गर्नु पर्ने बताए। करिव २ हजार दर्शकको अपार सहभागिताका साथमा भएको कार्यक्रममा उत्कृष्ट खेलाडी पुरुष तर्फ नरेश चौधरी र महिलातर्फ मुना पुन भएका छन्। सोही कार्यक्रममा नेपाली कांग्रेस लेखनाथ नगर सभापति राजेन्द्रमणि लामिछाने, अखण्ड नेपाल लेखनाथ नगर अध्यक्ष मोती गिरी, लेखनाथ नगरपालीका कार्यवाहक कार्यकारी अधिकृत लोकबहादुर भण्डारी लगायतले बोलेका थिए।

कार्यक्रम मूल समितिका संयोजक सु.जगबहादुर गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन प्रशिक्षक सुवास खड्का, बाबुराम पन्त र जानुका पराजुलीले गरेका थिए।

राप्रपा नेपालको वडा भेला जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख।

राप्रपा नेपाल कास्कीले सोमवार कास्की जिल्लाको क्षेत्र नं. २ अन्तर्गत पोखरा १९ नामाचौरमा भेला सम्पन्न गरेको छ। हरेक वडा, क्षेत्रमा राप्रपा नेपाल भन्ने राप्रपा नेपालको राष्ट्रिय अभियानलाई सार्थक तुल्यार्उनको लागि भेला आयोजना गरिएको अञ्चल सचिव सूर्य वस्तौलाले जानकारी दिए। कार्यक्रममा बोर्न्डे भेलाका प्रमुख अतिथि जिल्ला अध्यक्ष जयलाल पुनले राष्ट्र बचाउने सवालमा राप्रपा नेपाल एकमात्र पाटी भएको दावी गर्दै सत्ता प्राप्तिको लागि विदेशी प्रभुहरुसंग भुक्न नहुनेमा जोड दिए। उनले ९४ प्रतिशत हिन्दुहरु भएको देशलाई हिन्दु राष्ट्र कायमै गरेर छाड्ने बताए। जिल्ला उपाध्यक्ष नेत्र बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृष्ण बहादुर गुरुङको अध्यक्षतामा १३ सदस्यीय वडा कमिटि पोखरा १९ गठन भएको छ।

उपाध्यक्षमा माता भण्डारी, सचिवमा विमल केसी, सहसचिवद्वय कर्ण बहादुर पुन र डिलबहादुर गुरुङ, कोषाध्यक्षमा जय बहादुर पुन, सदस्यहरुमा दल बहादुर छन्त्याल, गमबहादुर पुन, नेत्र बहादुर गुरुङ, गीमाया पुन, निलु गर्वुजा, अनिता गुरुङ, विष्णु प्रसाद सुवेदी रहेका छन्।

सात निर्माण व्यवसायीहरु एकै ठाउँमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख।

पोखराका ६ वटा र लेखनाथ नगरपालिकाको एक वटा मिक्चर समिति मिलेर पोखरा चाउथेमा गण्डकी निर्माण समन्वय प्रा.लि सुरु हुने भएको छ। समितिको शिलान्यास गर्दै समितिका अध्यक्ष रामजी सिकिले मिक्चर व्यवसायीमाथि लागेको आरोपलाई अन्य गर्न र मिक्चर व्यावसायीलाई एउटै छातामुनि संगठित गर्न आफूहरुले निर्माण समन्वय समितिको सुरु गरेको बताए।

निर्माण व्यावसायीहरु लाई एक अर्काको प्रतिस्पर्धी को रुपमा चिनिएको सन्दर्भमा सम्पूर्ण निर्माण व्यावसायीहरुबीच सहकार्यको भावना वृद्धि गर्न पनि यो प्रा.लि कोशे ढुङ्गा साबित हुने उनले दावी समेत गरे। ९ करोडको योजना रहेको र सम्पूर्ण मेसिनहरु अत्याधुनिक तथा वातावरण मैत्रि रहने समन्वय समितिका सदस्य तारा पाठकले जानकारी दिए। वातावरणिय प्रदुषण बढिरहेको वेलामा पम्पवाट ढलानको लागि आर.एम.सीका रोड मिक्चर प्रयोग हुने भएको हो। हाल मेसिनहरु किन्न चार करोड तीन लाख पचहत्तर हजार लगानी गरिसकेको सो अवसरमा आयोजित कार्यक्रममा जानकारी दिइयो।

दुई महिना भित्रमा निर्माण समितिले सेवा दिने भएको छ। समन्वय प्रा.लि को कार्यलय चाउथे पोखरामा रहने छ। माजी सिकेको अध्यक्षतामा भएको सो कार्यक्रमको संचालन समितिका सचिव रमेश सिकिले गरेका थिए।

पोखराका विभिन्न स्थानमा सरसफाइ

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख।

विश्व सम्पदा दिवसका अवसरमा राष्ट्रिय सम्पदा संरक्षण समिति नेपाले सोमवार पोखराका विभिन्न स्थानमा सरसफाइ गरेको छ। सास्कृतिक सम्पदाहरुको वृहत् सफाइ अभियान अन्तर्गत जोमे मस्टिद अस्सा, माटेपानी गुम्बा परिसर एवम् भद्रकाली मन्दिर परिसरमा सरसफाइ गरिएको छ। सफाइ अभियानमा सहयोग र सहकार्य गर्ने सशस्त्र प्रहरी बल कालिका गण, पोखरा उपमहानगरपालिका कार्यालय, काहुँवोला टोल विकास संस्था, भद्रकाली आमा समूह, मियाँपाटन टोल विकास संस्थालगायतको सक्रिय सभहागिता रहेको राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समितिका उपाध्यक्ष रामबहादुर पौडेलले जानकारी दिए।

के तपाई कम्प्युटर सिक्दै हुनुहुन्छ ?
अब गुणस्तरीय शिक्षाका लागि

CN Fedration of Computer Association Nepal, Kaski
FEDRATION कम्प्युटर एशोसिएसन नेपाल महासंघ, कास्की

चाट मान्यता प्राप्त संस्थाहरुमा कम्प्युटर सिकौ ।

CAN Member Institute मा किन पढ्ने ?

- ✓ IT विज्ञ टोलीद्वारा कोर्स डिजाइन गरी लागू गरिएको ।
- ✓ CAN Kaski चाट प्रकाशीत कोर्स चुक लागू गरिएको ।
- ✓ विद्यार्थीहरुले प्राप्त गर्ने कम्प्युटर प्रमाणपत्रमा होलोग्रामको प्रयोग भएको ।
- ✓ On Line Exam को व्यवस्था भई Skill Test को व्यवस्था गरिएको
- ✓ कम्प्युटर कोर्स पछिसकेपछि विद्यार्थीहरुलाई Internship को व्यवस्था भएको ।
- ✓ उत्कृष्ट विद्यार्थीहरुलाई रोजगारीको प्रबन्ध गर्ने ।

CAN MEMBER EDUCATIONAL INSTITUTE

SN	Name Of Institute	Address
1	National Computer Center	Pokhara-1, Bindhabasini
2	Sunrise Computer & Language Institute	Pokhara-17, Birauta
3	Infomax Pvt Ltd.	Chipledhunga, Pokhara
4	ICS Computer Center	Chipledhunga, Pokhara
5	Genius Computer Training Center	Pokhara-1, Bagar
6	Kalika Computer Institute	Rastrabank, Chock
7	Quality Multi Training Center	Mahandrapool Pokhara
8	Adarsha Computer Training Center	Pokhara-1, Bagar
9	BIIT Computer Education	Sabvagriha Chowk -8 Pokhara
10	Sega Computer Link	Amarsing-10, Pokhara
11	New Era Computer & Language	Amarsing-10, Pokhara
12	Mount Computer Education	Pokhara-17, Birauta
13	The Creative Computer	Pokhara-1, Bagar
14	World Wide Generation Computer	Pokhara-1, Bagar
15	Om Computer Institute	Pokhara-17, Chorepatan
16	Siddhartha Computer Institute	Pokhara-17, Chorepatan
17	Novel Institute Pvt. Ltd	Mahandrapool Pokhara
18	Perfect Computer System	Pokhara-1, Bagar
19	Silicon Valley Computer	Pokhara-1, Bagar
20	Cosmos Computer Institute	Lekhnath -3, Kaski
21	Call Me Education Foundation Of Nepal	Rambazar, Pokhara
22	Om Kamana Computer Institute	Lekhnath-8, Shishuwa
23	Miracle Institute Pvt Ltd	Chipledhunga, Pokhara
24	Annapurna Computer & Media Trading Institute	Siddhartha Chowk
25	Chip Tech Pvt. Ltd	Siddhartha Chowk
26	Ranbo Computer Trading Centre	Hemja Milan Chwok
27	Spark Computer Institute	Lekhnath-8, Shishuwa
28	Shree Creative Education Foundation Pvt. Ltd.	Pokhara-1, Bagar
29	The Next Computer Institute	Niva Galli Pokhara
30	Yokohama Computer Training Center	Lekhnath-3, Arghaun Chowk
31	Arati Computer Institute	Zero K.M, Pokhara
32	Dreams Dynamic Institute	Prithivi Chowk -9
33	Apex Computer Institute	Lekhnath-12, Khudi
34	Orion Computer & Language Institute	Rambazar-10 Pokhara
35	Sungava Language Institute	Ratnachowk -8, Pokhara
36	Gurkha Infotech Solution	Rambazar Pokhara-10
37	Websoft Technology Nepal Pvt. Ltd.	Pokhara-8, Srijana Chowk
38	G.N. Computer Institute	Zero K.M, Pokhara
39	Solution Computer House	Hemja Milan Chwok
40	Nova Computer & Language Institute	Mahendrapool Pokhara
41	Alfa Computer Training Center	Chipledhunga, Pokhara
42	Fame International Education	Zero K.M, Pokhara
43	Sega Education Foundation Pvt. Ltd.	Pokhara-8, Srijana Chowk
44	Weston Nepal Computer Institute	Lekhnath, Budhibazar
45	Asian A Complete Education Pvt. Ltd.	Amarsing-10, Pokhara
46	Mesmeric Computer Institute	Lekhnath- 8, Shishuwa

बतासमा सुजुकी बलेनोको विक्री शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।



सुजुकी गाडीको गण्डकी धौलागिरी क्षेत्रको लागि आधिकारिक विक्रेता बतास अटोमोबाईल्स पोखरामा प्रिमियम हयाचब्याक सुजुकी बलेनोको विक्री शुभारम्भ गरेको छ । प्रिमियम क्वालिटीको सुजुकीका उत्पादन तथा विश्वस्तरीय बिक्री सेवा प्रदान गर्ने उद्देश्यले सुजुकी बलेनोलाई कम्पनीको प्रिमियम च्यानल सिजी एनएक्सटी जेन मार्फत उपलब्ध गराईको बतास अटोमोबाईल्सका प्रवन्धक गणेश ढकालले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । यो गाडीले भिभिटी पेट्रोल ९.२ तथा प्रतिलिटर २१.४ किमी माइलेज दिने इन्धन क्षमताका साथ आएको यस कारले ८४.४ प्रतिसेकेण्डको पिकपावर दिने दावी कम्पनीको छ । बलेनो ले विज्ञहरुबाट यसको उच्चतम सवारी क्षमता, सुरक्षा, इन्धन क्षमता र कम ध्वनि प्रदुशणका लागि तारिफ पाएको दावी समेत गरिएको छ । सुजुकी बलेनो कार अनेकौं विशेषताहरुले सुसज्जित रहेको र यसले गण्डकी धौलागिरी क्षेत्रमा राम्रो बजार ओगटने आशा प्रवन्धक ढकालको छ । प्रिमियम हयाचब्याक बलेनो नेपाली बजारमा पहिलो चोटी उपलब्ध गराईको हो । सुजुकी गाडीको नेपालको आधिकारिक विक्रेता सिजि मोटोकर्पका डिलर इन्जार मन्जुल अमात्यले भारतमा सुजुकी बलेनोको व्यापक सफलता पछि देशभर तथा पोखरामा पनि बलेनोको विक्री शुभारम्भ गर्न पाउंदा ठूं खुसी लागेको बताए । नेपाली बजारमा सबै भन्दा न्यू डिजाइनको आएको यो कारले हुण्डाइ आइटेन र भक्सवागन पोलोसग प्रतिस्पर्धा गर्ने बताम अटोमोबाइल्सका प्रवन्धक गणेश ढकालले बताए । बलेनोको मूल्य २६ लाख ९९ हजार रुपैया रहेको बताईएको छ ।

तन्त्रका सेनानी सापकोटाको निधन, गुरुङलाई मातृशोक

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

प्रजातन्त्रका सेनानी मित्रलाल सापकोटाको निधन भएको छ८९ वर्षीय सापकोटाको आईतवार साझ निधन भएको हो । पोखरा-१४ चाउवे निवासी सापकोटा केहि वर्षदेखि मुटु रोगबाट पीडित थिए। नेपाली कंग्रेसमा आवद्ध रहेर २००७ सालदेखि नै प्रजातान्त्रिक आन्दोलनमा सक्रिय भएर लागेका सापकोटा पाटीकी पोखरा-१४ को इकाई सभापति, जिल्ला सदस्य र महाधिवेशनमा समेत निर्वाचित भएका थिए। स्व. सापकोटाको सोमवार रामघाटमा दाहासस्कार गरिएको थियो । उनका ईई श्रीमती र ईई छोरा रहेका छन् ।

यसैबीच नेपाली कंग्रेस कास्की क्षेत्र नं. १ का सांसद तथा नेपाली कांग्रेस कास्की निर्वतमान सभापति यज्ञबहादुर थापाले एक शोक विज्ञप्ति प्रकाशित गरि सापकोटाको निधनले स्तब्ध बनाएको बताएका छन् । सुर्वण शमशेर र बिपि सग सगै रजनिति यात्रा शुरु गरेका सापकोटाको निधनले पाटीलाई ठुलो क्षती पुगको भन्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरिएको छ। सांसद थापाले नेपाली कांग्रेसको वानस्थलीमा भएको संसदीय दलको अनौपचारिक बैठकमा सापकोटाको निधनीका बारेमा प्रकाश पार्दै श्रद्धाञ्जली अर्पण गरेका थिए।

यसैबीच नेपाल तरुण दल लेखनाथ नगर कमिटीका अध्यक्ष सागर गुरुङलाई मातृशोक परेको छ। उनकी समतामयी माता मैता गुरुङको सोमवार चिहान ६५ वर्षको उमेरमा निधन भएको हो । नेपाल तरुण दल कास्कीका अध्यक्ष मनोज गुरुङ र केन्द्रीय सदस्य ऋषि काफ्लेद्वारा सोमवार एक शोक विज्ञप्ति प्रकाशित गरी गुरुङको निधनले आफ्नुरु स्तब्ध भएको साथै सच्चा लोकतन्त्रवादी अभिभावक गुमाएको उल्लेख गरिएको छ । विज्ञप्ति मार्फत यस दुःखद घडीमा विवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि कामना गरिएको छ ।

कास्की जिल्लाको हंसपुर ५ मा जन्मिएकी गुरुङको पति पदम बहादुर गुरुङ, छोरा सागर गुरुङ, छोरी मनदेवी गुरुङ रहेका छन् । स्व.गुरुङको सोमबरी गुरुङ परम्परा अनुसार ग्रहसंकार गरिएको थियो भने शवयात्रामा नेपाली कंग्रेसका नेता, तरुण दलका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको सचिव पदम बस्ताकोटीले जानकारी दिए ।

यसैगरि सांसद थापाले नेपाल तरुणदल लेखनाथका सभापति सागर गुरुङकी आमा मैता गुरुङको निधन प्रति दुःख व्यक्त गर्दै समवेदना प्रकट गरेका छन् ।

मिजुरेमा गज्जमान स्मृति कपको तयारी पूरा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।

खेलकूदको विकास, पर्यटन प्रवर्द्धन भन्ने मूल नाराका साथ कास्कीको मिजुरेमा हुन लागेको खुल्ला सेभेन ए साइड तेस्रो नागीधार स्व. गज्जमान गुरुङ स्मृति फुटबल कप-२०७३ को तयारी पुरा भएको छ। प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको छ प्रतियोगिताका संयोजक ओमप्रकाश गुरुङले भने -'यसपटक पनि प्रतियोगिता सभ्य र भव्य रुपमा सफल हुने आशा गरेका छौं' नागीधार सिर्जनशील युवा क्लवले आयोजना गर्न लागेको प्रतियोगिता वैशाख ८ गतेदेखि स्थानीय प्रभात निर्माण पाखुरीकोट नागीधार विद्यालयको खेल मैदानमा हुनेछ। यसबर्ष प्रतियोगितामा महिला टिमलाई पनि समावेश गरारहेने छ। सहभागिताका लागि मङ्गलबजारस्थम टिम दर्ता गर्न सकिने व्यवस्थापक यज्ञबहादुर गुरुङले बताए। स्व. गज्जमान गुरुङले नागीधार गाँउ तथा मिजुरेडाँडाको चौतर्फी विकासमा पुऱ्याएको योगदानको स्मरण गर्दै सो प्रतियोगिता आयोजना गर्न लागिएको हो। फुटबल प्रतियोगितले समग्र मिजुरेडाँडा गाविस सहित वरपर क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ। फुटबल प्रतियोगिताका विजेतालाई नगद ५० हजार, उपविजेतालाई २० हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ।त्यसैगरी, सर्वाधिक गोलकर्ता, सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, म्यान अफ दि म्याचलाई आकर्षक पुरस्कार दिईने छ। प्रतियोगिताका लागि विभिन्न व्यक्ति तथा सङ्घ÷संस्थाले आर्थिक सहयोग गरेको अर्थ संयोजक रवीन्द्र गुरुङले बताए।

इक्यान कास्की अध्यक्षमा भण्डारी नै

पोखरा ६ वैशाख ।(गोल्डेन)

शैक्षिक परामर्श संघ (इक्यान) कास्कीको अध्यक्षमा महेश भण्डारी पुनर्वहाली भएका छन् । इक्यान कास्कीको सोमबार बसेको बैठकले भण्डारीलाई पुनः अध्यक्षमा बहाली गरेको हो । भण्डारीले तत्कालिन समयमा अध्यक्ष पदबाट राजीनामा दिएर कास्कीको प्रतिनिधित्व गर्दै केन्द्रीय चुनावमा महासचिव पदका लागि उम्मेदवारी दिएका थिए । अध्यक्षमा पुनर्बहाली भैसकेपछि भण्डारीले आफूलाई थप जिम्मेवारी बहनुमा भएको प्रतिक्रिया दिए । उनले आगामी दिनमा कास्कीसंगै नेपालभरको शैक्षिक परामर्श व्यवसायीहरुको हकहितका लागि आफू सदैव लागिपर्ने प्रतिवद्धता समेत जनाए ।

प्रहरी निरीक्षक मोहनमणि अधिकारीलाई स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ वैशाख ।



भर्खरै मात्र सरुवा भई बडा प्रहरी कार्यालय वैदाम आएका प्रहरी निरीक्षक मोहनमणि अधिकारीलाई सामुदायिक सेवा केन्द्र वैदामले एक समारोहका बीच स्वागत गरेको छ । स्वागत कार्यक्रममा बोल्दै प्रहरी निरीक्षक अधिकारीले वडावासीहरुका समस्या र सिफारिसहरु कानूनको परिधिमा रहि पुरा गर्ने बताए । 'म तपाईहरुको सकारात्मक क्यारकापमा साथ दिने छु,तर मलाई तपाईहरुको पनि साथ चाहिन्छ',उनले भने-'चौध महिना अघि मात्रै पोखराबाटै सरुवा भएका अधिकारी फेरी पोखरै आएका हुन । यसअघि उनी पर्यटन प्रहरी निरीक्षकका रुपमा यहि कार्यरत थिए । 'मैले पोखरा र पोखरेलीलाई चिनेको छु, यहां कसरी काम गर्ने भन्ने बारेमा योजना चित्र पनि बनाएको छु-घाट नगायतका क्षेत्रमा अहोरात्र सेवा केन्द्र जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष विष्णुबहादुर सकारात्मक काम गर्नेहरुलाई पोखरेलीहरुले स्वागत गर्न जस्तै बिदाई पनि गर्ने गरेको उल्लेख गरे । उनले आर्थिक प्रलोभनमा चलखेल गरे उच्च अहोदामा रहेकालाई पनि बहिष्कार गर्ने र राम्रो काम गरे तल्लो तहकालाई पनि साथ दिने बताए ।

त्यस्तै आयोजक केन्द्रका अध्यक्ष हिरु पुनले पर्यटकीय क्षेत्र लेकसाइडमा देखिएको विकृति-विसंगति हटाउन पहरीसंग हातेमालो गर्ने बताइन् ।

होटल प्रतिनिधि समाजका अध्यक्ष दिपेन्द्र पहारीले पर्यटन बसपार्कमा पर्यटकहरुमाथि तानातान हुने गरेको र अटोवाल यस्तो विकृति हटाउन पर्यटन प्रहरी चनाखो हुनुपर्ने उनको जोड थियो ।

कार्यक्रममा अगुज पर्यटन व्यवसायी गोविन्दराज पहारी, वासुदेव त्रिपाठी, वडा समन्वय समिति संयोजक गिरीराज अधिकारी, कार्यक्रममा उपस्थित आमा समूहका प्रतिनिधि तथा टोल सुधार समितिका पदाधिकारी लगायतले लेकसाइड क्षेत्रमा हुने गरेको ध्वनी प्रदुषण रोकिनुपर्ने, ट्राफिक व्यवस्थापनमा ध्यान दिनुपर्ने लगायतका सल्लाह सुझाव दिएका थिए । आयोजक केन्द्रका सह-सचिव चेतनाराण पोखरेलले कार्यक्रम सञ्चालन तथा उपाध्यक्ष सम परजुलीले स्वागत मन्तव्य राखेका थिए ।

आवश्यकता

श्री सिद्धबराह उच्च मा.वि. वाघापोट ७, कास्कीको गत वैश २९ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम कक्षा ९ पप अंग्रेजी माध्यमबाट कक्षा संचालन गरिने भएकाले कक्षा १२ सम्म अध्यापन गरेका ईच्छुक उम्मेदवारबाट तोकिएको सिलिमिल परकासत विनुहुन यो सूचना प्रकाशित गरिन्छ ।

१. विषय : विज्ञान संख्या: १ (एक) तह: निमावि
तलब स्केल : १५,०००÷- (पन्ध हजार रुपैयाँ)
शैक्षिक योग्यता : विज्ञान मूल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ।

२. विषय : विज्ञान संख्या: १ (एक) तह: निमावि
तलब स्केल : १५,०००÷- (पन्ध हजार रुपैयाँ)
शैक्षिक योग्यता : अंग्रेजी मूल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ।

आवश्यक कागजातहरु :
❖शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु
❖नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
❖आवेदन शुल्क रु. २००÷- (पचिसय रुपैयाँमात्र)
❖परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन
❖दरखास्त आवुपुगुनुपर्ने अन्तिम मिति : २०७३ ।०१ ।१५ गतेसम्म
❖दरखास्त पेस गर्ने स्थान : श्री सिद्धबराह उच्च मा.वि., वाघापोट-७, कास्की

प्रो. वद्री के.सी. : ८५५०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ८५५०३९८७२
प्रो. राजेश के.सी. : ८५५०३०३१७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक छाहिएमा हामीलाई सम्पर्कहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्कहोस् ।
सम्पर्क
४८२६१-०६६०२

नि:शुल्क कम्प्युटर शिक्षा

Green Plus Nepal

को सहयोगमा SLC तथा अन्य विद्यार्थीहरुका लागि १५० जना कोटा भएको हुंदा २०७३ ।१ ।२० सम्मका लागि Basic, Diploma, Accounting, Graphic, Designing, RJ, English Language का लागि नि:शुल्क कम्प्युटर शिक्षा प्रदान गर्दै आएको छ ।
नोट : एसीटमा गरेकाकहाँहरुका लागि ५% सम्म छुटको व्यवस्था गराएको छ ।

Load-Shedding No Problem

High Mount Computer	Informatic Institute
बिन्ध्यवासिनी, पोखरा-२ ०६१-४२७४३५ ९८५६०६६४८०	सुजनाचोक, पोखरा-८ ०६१-५२७८७० ९८५६०४९६१७

आवश्यकता

पद	आवश्यक संख्या
कुक	१ जना
सर्भिस वेटर	३ जना
डिस वासर	१ जना

पारिश्रमिक : आकर्षक/आपसी समझदारीमा
खाने सुविधा रहेको छ।
सम्पर्क : द ड्रिम फुड क्याफे
पोखरा ट्रेडमलको तेस्रो तला, चिप्लेढुङ्गा, पोखरा
फोन : ९८४३२९४६०५, ८२५५१४९१५५

"रंगहरूको अन्तिम गन्तव्य"
आर्कषक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इंग्यारका साथै सिपेजको समस्या साधान , बाटर प्रुफिङ् गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin लुर्ई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अनरार्ष्ट्रिय सरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :- तयारी कक्षा छमाहिका चलिरहेको छ ।
❖सफलतासित उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रशिक्षण गराइन्छ ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स टावर नं. ३०, फोन-०६१-५३०९२२, मो. ९८४६-४१९९२

अनेक समस्या सफल उपचार

अर्थाराइटिस खाना सोच नहुने, आँखाले पानी आउने, मुटुसित ढुकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
थोत सम्बन्धि लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खलन दोष जस्तो सुकै यौन समस्याको सफल उपचार
महिला सम्बन्धि समस्या
महिलामारी गड्डाघाँटी, सेतोपानी बग्ने, जोनी चिलाउने, तल्सरी पेट दाह्रु कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धप्रो हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन समस्यामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँघ रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने
सुन्दरता :- कालो धाबो पोतो, डण्डिफोर, दुख पग्ला, मस्किया, कोठी, घाउपोखा हटाई पुरै झरिर मोरी बनाउने ।
सुनको खानेकी एकिपनी पनि समस्याकै लागि पक्का गाराण्टी ।
श्वेत उपचार :- ल्यूकर, सुनर, ज्यण्डिस, पिलास, पाइल्स, दुख साथै बाथ, हाड कम्जर, हाड जोर्नी पुरै झरिर ई-खाई ठिक पार्ने भरपार भेल ।
चिरिल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्सका माथि भित्र
फोन नं ०६१-५३५६५७, ०६-५२२५१४८, मो. ९८४६९३७४९८

पोखरामा पहिलो पटक

- योगबुद्धक : लिङको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, छिप्र विष्यात हर्बल स्पिलिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाईट गर्न, मुटासुं कसिलो बनाउन, पेटको घिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अनुत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
- थाहै नदिई जाँघ रक्सी चुरोट, खैनी, गाँजा तथा कुरुप छुटाउछ।
- दाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेनलिल।

Join Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi मा **Spark Middle East Star Skill Force UAE** मा **DPS** कतारमा **Group-4** अन्तर्गत, संसार भरका व्यापारका लागत सेक्युरिटी गार्डहरु प्रदान गर्ने कम्पनीहरुमा **Diplomatic** सेक्युरिटी गार्ड तथा लेडिज, बोडी गार्ड तथा ड्राइभरको लागी सम्पर्क गर्नुहोस् ।
सम्पर्क गर्नुहोस् हेड अफिस कुलेश्वर र ब्रान्च अफिस पृथ्वीचोक (पोखरा) अगाडि मेनपावर कम्पनीबाट प्रशिक्षित गार्ड हुन्छन् ।

तयारी कक्षा छमाहिका

आमोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. माथि, पोखरा एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि) पोखरा बिजनेस कम्प्लेक्सको भवन - भाटभटेनी, पोखरा-७
फोन नं. : ०६१-५३५९९९, ५३५९९९

EICHER TRUCKS AND BUSES

EICHER

INAUGURATION

New EICHER WORKSHOP

POKHARA



VE COMMERCIAL VEHICLES

A VOLVO GROUP AND EICHER MOTORS JOINT VENTURE

an enterprise of BATAS organisation
www.batasorganisation.com

EASTERN

ईष्टर्न मोटर्स प्रा. लि.

पोष्ट बक्स नं १४७१५, गैरीधारा, काठमाडौं, नेपाल, फोन : ४००४६२६/२७
वर्कशप (महाधर): ६६३२५६०, ६६३२४६०, वीरगंज: फोन: ०५१-५३८१२६
नेपालगंज: फोन: ०८१-५५१६४६,, हेटौडा: फोन: ०५७-५२२८२७
इटहरी: फोन: ०२५-५८७५६६

Autoways Pvt. Ltd.
Pokhara, Tel: 061-540056

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक **अंगधर पराजुली**, निर्देशक **हरिणि बराल**, संस्थापक सम्पादक **रीता अरूड**
कार्यालय : चिल्हेङ्गा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिल्हेङ्गा, पोखरा